राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ५७ २०८२ भदौ ३० गते सोमवार (15 Sep. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## जेन्जी आन्दोलन : मधेस प्रदेश सभामा करिब ३० करोड क्षति

दैनिक समाचारदाता

जनकपुरधाम २९ भदौ । जेनजी पुस्ताको आन्दोलनका क्रममा मधेस प्रदेश सभा सचिवालयमा भएको तोडफोड र आगजनीबाट करिब ३० करोड रुपैयाँ बराबरको क्षति भएको सभामुख रामचन्द्र मण्डलले बताएका छन् ।

उनका अनुसार प्रदेश सभाका सातै दलका संसदीय दल कार्यालय, दलका सभापतिहरूका कार्यकक्ष, सभामुखको कार्यकक्षदेखि लिएर सचिवालयका अधिकांश शाखा पूर्ण रूपमा प्रभावित भएका छन् ।

‘प्रदर्शनकारीहरूले कार्यालय क्षेत्रमात्र नभई गाडी र व्यक्तिगत सम्पत्तिमा समेत आक्रमण गरेका छन्,’ सभामुख मण्डलले भने । तोडफोडमा सचिवालयको एउटा हायस गाडीमा आगजनी गरिएको छ भने सभामुख मण्डलकै निजी गाडीको सिसा फुटाइएको छ । कार्यालयभित्र रहेका फर्निचर, कम्प्युटर, ल्यापटप, टेलिभिजन, पंखालगायतका सामग्री जलाइएका वा लुटपाट भएको सभामुख मण्डलले जानकारी दिए ।





सभामुख मण्डलले आफ्नो निवासमा समेत प्रदर्शनकारी प्रवेश गरी झन्डै तीन तोला सुनका गरगहना लुटेको बताए । ‘आक्रोशले यति चरम रूप लिनु निकै दुःखद् छ । सार्वजनिक सम्पत्तिको मात्र नभई मेरो निवासमा समेत आक्रमण भएको छ,’ उनले भने ।

प्रदेश सभाभित्र रहेको मिडिया सेन्टरका कम्प्युटर र टेलिभिजनसमेत चोरी भएको सचिवालयले जनाएको छ । सभामुख मण्डलले आफू हाल जनकपुरधाम बाहिर रहेको जानकारी दिँदै फर्किएपछि दलका नेताहरूसँग छलफल गरी सचिवालय सञ्चालनका लागि आवश्यक प्रक्रिया अघि बढाइने बताए ।

## जेनजी आन्दोलनका ७२ सहिदको सरकारद्वारा शहिद घोषणा

दैनिक समाचारदाता

काठमाडौँ, २९ भदौ । सरकारले भदै २३ र २४ गते जेनजी आन्दोलनमा क्रममा मृत्यु भएकालाई शहिद घोषणा गर्ने निर्णय गरेको छ ।

मुख्यसचिव एकनारायण अर्यालले प्रधानमन्त्री सुशीला कार्कीले पदभार समाल्दै भदौ २३ र २४ गते जेनजी आन्दोलनका क्रममा मृत्यु भएकालाई शहिद घोषणा गर्ने निर्णय गरेको जानकारी दिनुभयो । साथै प्रत्येक सहिदका परिवारलाई १० लाख रुपियाँ राहत उपलब्ध गराउने



र घाइतेको निःशुल्क उपचार गराउने निर्णय गरेको मुख्यसचिव अर्यालको भनाइ छ ।

मुख्यसचिव अर्यालका अनुसार प्रदर्शनका क्रममा प्रदर्शनकारी ५९, कैदीबन्दी १० र सुरक्षाकर्मी तीन जना गरी मृत्यु हुनेको सङ्ख्या ७२ पुगेको छ । १३४ जना प्रदर्शनकारी, प्रहरी ५७ गरी १९१ जना घाइते विभिन्न अस्पतालमा उपचाररत छन् ।

## चुनावको तयारीमा जुट्दै निर्वाचन आयोग

दैनिक समाचारदाता

काठमाडौँ २९ भदौ । सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले फागुन २१ गते निर्वाचन गर्ने घोषणा गरेपछि निर्वाचन आयोग तयारीमा जुटेको छ । जेनजी पुस्ताले गरेको आन्दोलनको बलमा अन्तरिम प्रधानमन्त्री बनेकी कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २७ गते संसद विघटन गरी निर्वाचन घोषणा गरेका थिए ।

राष्ट्रपति पौडेलले शनिबार विज्ञप्ति जारी गरी बडो जुक्तिले प्राप्त अवसरको सदुपयोग गर्दै जनता रिझाउने र आफैमा सम्हालिँदै निर्वाचन सम्पन्न गराउने काममा सहयोग गर्न सबै पक्षलाई अपिल गरेका थिए । निर्वाचन घोषणासँगै आयोगले तयारी गरिरहेको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बताए ।

‘हामी निर्वाचन गराउने तयारीमा छौँ । कसरी अगाडि बढ्ने भन्ने विषयमा छलफल गर्छौं । जनशक्ति पनि कमी छन् । त्यसमा ध्यान दिनुपर्नेछ । यस सम्बन्धमा छलफल गरेर दुई/तीन दिनमा एउटा निष्कर्षमा पुग्नेछौँ’, रातोपाटीसँग

*बाँकी अन्तिम पृष्ठमा*

## प्रधानमन्त्रीद्वारा युवापुस्ताको चाहनाबमोजिम काम गर्न निर्देशन

दैनिक समाचारदाता

काठमाडौँ, २९ भदौ । नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले सृजनात्मक युवापुस्ताको सोचबमोजिम भ्रष्टाचार अन्त्य, सुशासन र आर्थिक समानता दिन अठोटका साथ काम गर्न निर्देशन दिनुभएको छ ।

सिंहदबारमा आज पदबहालीपछि उच्च पदस्थ कर्मचारीलाई निर्देशन दिँदै उहाँले आफू पदको रसास्वादन गर्न नभई युवाको चाहनाबमोजिम सेवा गर्न आएकाले छ महिनाभित्र निर्वाचनबाट नयाँ संसद्लाई जिम्मेवारी दिने उदेश्यका साथ आएको स्पष्ट गर्नुभयो । “कुन परिस्थितिबाट अन्तरिम सरकार बन्यो यहाँलाई विदितै छ । ठूलो जनधनको क्षति भएको छ । मुख्य निकायका प्रमाण र अभिलेख नष्ट हुँदा शून्यमा पुगेका छौँ । सुरक्षा निकायलाई दिइएका सवारीसाधन जलेका छन् । हत्याहिंसा भएको छ । अत्याश्यक निकायलाई छानीछानी आक्रमण गरिएको




छ । यसको अनुसन्धान हुन बाँकी छ”, उहाँले भन्नुभयो, “नेपाली नै भएर यो काम गरेको हो भने लाज लाग्नुपर्ने हो । यस्तो घटना नेपालमा पहिलो पटक भएको हो । हाम्रा मुख्य भवनहरु अनुहार देखाउन नमिल्ने भएका छन् । यो षड्यन्त्र नियोजित हो कि भन्ने लागेको छ । अनुसन्धान गरेर दोषीलाई कारबाहीको दायरामा ल्याउनुपर्छ ।”

प्रधानमन्त्री कार्कीले क्षतिपूर्ति र पुनःनिर्माणका काम देशमा उपलब्ध स्रोतसाधन प्रयोग गरेर बनाउनुपर्छ भन्ने आफूलाई लागेको बताउँदै यो मुलुकविरुद्ध गरेको नृशंस कार्यको एकताबद्ध भएर, जनतालाई गुहारेर सामना गर्नुपर्नेमा जोड दिनुभयो । “म हिजो महाराजगञ्ज जाँदा त्यहाँ जलेको प्रहरीवृत्त बनाउने जिम्मा त्यहाँका व्यवसायीले लिन्छौँ भन्नुभयो, मैले उहाँहरुलाई धन्यवाद दिएँ । हामी सबै यसरी नै मिलौँ । एकलेअर्काको आलोचना नगरौँ ।

*बाँकी अन्तिम पृष्ठमा*

अब अनलाइनबाट बुकिङ्को सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# बन्द भन्सारले स्थानीय व्यवसायी र राष्ट्रको अर्थतन्त्रलाई दुरुपयोग गर्दै

माओवादी द्वन्द्वकालदेखि असुरक्षाको बहानामा बन्द रहेका महोत्तरी जिल्लाका चारवटा छोटी भन्सार कार्यालय–रघुनाथपुर, कटिकटैया, पोखरभिण्डा र बथनाहा–अझै सञ्चालनमा आउन सकेका छैनन्। युद्ध समाप्त भइसकेको धेरै वर्ष बितिसक्दा पनि यी कार्यालय बन्द रहनु, स्थानीय व्यवसायीका लागि गम्भीर चुनौती मात्र होइन, राष्ट्रका लागि समेत ठूलो राजस्व घाटा हो।

स्थानीय व्यापारीहरूको अनुभवले देखाउँछ कि भन्सार बन्द हुँदा न केवल वैधानिक व्यापार प्रभावित हुन्छ, तर सीमावर्ती तस्करीको गतिविधि झन् बढ्दो छ। व्यवसायीहरू अब आफ्ना सामान जलेश्वरसम्म करिब ५० किलोमिटर टाढा लैजान बाध्य छन्, जसले समय, ऊर्जा र लागत दुवै बढाएको छ। यसले स्थानीय अर्थतन्त्रलाई कमजोर मात्र बनाएको छैन, नागरिकको रोजीरोटीमा समेत प्रत्यक्ष असर पारेको छ।

राजस्व गुमाउनु र तस्करी बढ्नु सरकारको जिम्मेवारीको उल्लंघन हो। भन्सार अधिकृतको भनाइ अनुसार, भन्सार ऐन सक्रिय भएपछि मात्र यी कार्यालय सञ्चालनमा आउनेछ। तर यस प्रक्रियाले व्यापारीहरूलाई असुविधामा राख्ने मात्र होइन, स्थानीय अर्थतन्त्र र सीमासम्बन्धी सुरक्षालाई समेत जोखिममा पार्दैछ।

सरकारले अब चाँडै यी भन्सार कार्यालय सञ्चालनमा ल्याएर वैधानिक व्यापार र सीमासम्बन्धी सुरक्षा सुनिश्चित गर्नु आवश्यक छ। बन्द भन्सारले साना तथा फुटकर व्यवसायीलाई मारमा पारिरहेको छ, र राष्ट्रको राजस्व गुम्दै गएको छ। सीमावर्ती तस्करी रोक्न र स्थानीय व्यापारीलाई सहज वातावरण दिनु सरकारको प्रतिवद्धता हो।

अन्ततः, आर्थिक पुनःस्थापना र सुरक्षा दुवैको लागि यी भन्सार कार्यालय सञ्चालनमा ल्याउनु समयको माग हो। व्यापार र अर्थतन्त्रमा दीर्घकालीन प्रभाव पर्ने बेलामा ढिलाइ अनावश्यक मात्र हो।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।


धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# खण्डहरको छेउमा उभिएर



डा. अमर गिरी

नेपालको राजनीति कसरी अघि बढ्छ यसै भन्न सकिन्न। जेन-जी पुस्ताले गरेको आन्दोलनका कारण निर्मित परिस्थिति सजिलो छैन। अन्तरिम प्रधानमन्त्री नियुक्त हुनुभएको छ। प्रतिनिधिसभा विघटन गरिएको छ र फागुनमा प्रतिनिधिसभाको निर्वाचन हुने भएको छ, तर ठुलो सङ्घर्ष र बलिदानपछि प्राप्त राजनीतिक उपलब्धि गुम्ने हुन् कि भन्ने चिन्ता मलाई जस्तै धेरैलाई छ। लोकतन्त्रको विकल्प अझ समुन्नत लोकतन्त्र हो, वर्तमान संविधानको विकल्प अझ समृद्ध संविधान हो, पछिल्तिर फर्किनु होइन।

यस्तो आन्दोलन हुन सक्छ भनेर अलि पहिलेदेखि भन्दै आइएको थियो। अकारण यसो भनिएको थिएन। मूल्यहीन राजनीति, आदर्शच्युत शासक, पार्टी आन्दोलनमा कमजोर बनेको आलोचनात्मक विवेक, अनैतिक र सुविधाभोगी चरित्र, बढ्दो बेरोजगारी, मौलाउँदो भ्रष्टाचार र कुशासन यसो भन्नुका कारण थिए। बङ्गलादेश र श्रीलङ्काका घटना अगाडि थिए। हामी आक्रोशको ज्वालामुखीमाथि थियौँ। सामाजिक सञ्जाल बन्द गर्ने विवेकहीन निर्णयका कारण आक्रोशको ज्वालामुखी फुट्यो। मुलुकमा नयाँ राजनीतिक परिस्थितिको निर्माण भयो।

जेन-जी आन्दोलन हाम्रा निम्ति नयाँ थियो। उनीहरूले बेरोजगारी, भ्रष्टाचार र कुशासनका विरुद्ध आन्दोलन गर्दै छन् भन्ने सरकारलाई थाहा थियो, तर उसले उनीहरूलाई पत्याएन। उल्टै सामाजिक सञ्जाल बन्द गर्‍यो। यसको परिणाम के हुन सक्छ भनेर ख्यालै गरिएन। खोल्न आग्रह गर्दा पनि अराजकता र नियम-कानुन नमान्ने कुरा सह्य हुँदैन मात्र भनिएन, राष्ट्रवादको कुरा पनि गरियो। बेरोजगारी, भ्रष्टाचार र कुशासनले पीडित र व्यथित जेन-जी यसबाट आगो भए। आन्दोलनका निम्ति यो गज्जबको निहुँ बन्यो।सामाजिक सञ्जाल आफूलाई व्यक्त गर्ने मुक्त आकाश हो। युवाहरू यसमा आलोचना गर्छन्, आक्रोश व्यक्त गर्छन्, घृणा ओकल्छन्, खबरदारी गर्छन्, सपना देख्छन्, रुन्छन्, हाँस्छन्, गाउँछन्, सुख-दुःख बाँड्छन्। ती अनुशासित-अराजक, शिष्ट-अशिष्ट दुवै हुन्छन्। यसलाई बन्द होइन, नियमन गर्नुपर्छ। बाटो बिराउँदा बाटो देखाउनुपर्छ। तर कुनै पनि बहानामा उनीहरू उड्ने आकाश खोस्नु हुँदैन। सरकारले त्यही आकाश खोस्यो। सामाजिक सञ्जालका कम्पनी दर्ता हुन नआएको कारण देखायो। यसो गर्नु आवश्यक थिएन। यससम्बन्धी कानुन निर्माण गरेर अघि बढ्न सकिन्थ्यो, तर यो बाटो रोजिएन। ठुला र चर्का कुरा गरियो, यसले आगोमा घिउ थप्ने काम गर्‍यो। आन्दोलनमाथिको चरम दमनले आक्रोश र घृणालाई बढायो। एकै दिन दुई दर्जनभन्दा बढीको ज्यान जानु र सयौँ घाइते हुनु सामान्य घटना थिएन। यसले विध्वंशका निम्ति आधार निर्माण गर्‍यो। हाम्राअगाडि अहिले विध्वंशको हृदयविदारक तस्बिर छ। मारिएका र घाइते परिवारका आँसु र सुस्केरा छन्। सुरक्षामा खटिएकाहरूको गम्भीर कमजोरी र आन्दोलनमा निहित उद्देश्य राखेर घुसेकाहरूले जेन-जीको शान्तिपूर्ण आन्दोलनलाई विध्वंशको दिशातिर मोडिदिए। हाम्रा अगाडि अकल्पनीय त्रासदी घट्यो।

डिजिटल प्रविधिसँग खेल्दै हुर्किएको जेन-जी पुस्ता हामीले सोचेभन्दा संवेदनशील छ। यस पुस्ताका भावना, सोचाइ र अनुभूति फराकिला र गहिरा छन्; देश, समाज र जीवनप्रति प्रेम छ; स्वतन्त्रता, समानता, न्यायप्रति गहिरो प्रतिबद्धता छ; लोकतन्त्र र मानव अधिकारप्रति सचेत छन्; विभेदप्रति आलोचनात्मक छन्। आफ्नो र मुलुकको भविष्यप्रति गम्भीर छन्। वैश्विक सरोकार छ। डिजिटल प्रविधि र वैश्विक सम्पर्कले उनीहरूको सामर्थ्यलाई बढाएको छ। सामाजिक सञ्जाल अराजकता, घृणा, आक्रोश पोख्ने ठाउँभन्दा बढी सिर्जनात्मक थलोका रूपमा रहेका छन्। जेन-जीमा कमजोरी पनि छन्। यसमा सस्तो भावुकता, अराजकता लगायत मनोवैज्ञानिक समस्या पाउन सकिन्छ। यस्ता समस्या परिवार र आजको आर्थिक, सामाजिक, सांस्कृतिक संरचनासँग पनि जोडिएका छन्। पपुलिजम्ले उनीहरूको चेतना पनि प्रभावित छ। उपभोक्तावादले निर्माण गरेको मनोविज्ञानबाट उनीहरू पनि प्रभावित छन्। २०२४ को अमेरिकी निर्वाचनमा यस पुस्ताको ठुलो सङ्ख्याले दक्षिणपन्थलाई रुचाएको देखिन्छ। यस्तो स्थिति अन्य मुलुकमा पनि छ, तर समग्रमा यो पुस्ता उदार, आलोचनात्मक, संवेदनशील, मानवता, लोकतन्त्र एवं मानवीय मूल्यप्रति गम्भीर र प्रतिबद्ध पाइन्छ।

जेन-जी विश्वका विभिन्न मुलुकमा सक्रिय छन्। उनीहरूको सरोकार र सक्रियताको फलक विस्तृत छ। यस पुस्ताले अमेरिका, युरोप, अफ्रिका, एसियामा विभिन्न विषयलाई उठाएर महत्त्वपूर्ण आन्दोलन गरेको छ। सन् २०१९ मा स्विडेनकी ग्रेटा थुनबर्गले जलवायु परिवर्तनको मुद्दामा विश्वव्यापी विरोध प्रदर्शनको आह्वान गरिन्। यस आह्वानका कारण वैश्विक रूपमा हडताल भए। जेन-जीको अगुवाइमा भएको यस आन्दोलनको महत्त्वपूर्ण प्रभाव पर्‍यो। सन् २०२० मा अमेरिकामा चलेको 'ब्ल्याक लाइभ्स म्याटर' आन्दोलनमा यस पुस्ताको सक्रिय सहभागिता थियो। पछिल्लो समयमा हङकङमा भएको लोकतान्त्रिक आन्दोलन, 'मि-टु' आन्दोलन, हिजाबविरोधी आन्दोलनमा यस पुस्ताको सक्रिय सहभागिता र भूमिका रह्यो। सन् २०२४ मा केन्यामा भएको कर वृद्धिको विरोधमा यस पुस्ताले महत्त्वपूर्ण भूमिका खेल्यो। यो पुस्ताले प्यालेस्टाइनको समर्थन र इजरायलको विरोधमा पनि आफूलाई उभ्याएको छ। सन् २०२४ मा बङ्गलादेशमा भएको आन्दोलनलाई 'जेनरेसन-जेड'ले नेतृत्व गरेको विश्वको पहिलो सफल राजनीतिक आन्दोलनका रूपमा उल्लेख गरिन्छ। नेपालको अहिलेको आन्दोलनलाई पनि यसै रूपमा हेर्न सकिन्छ। जेन-जी आन्दोलनको चरित्र बढी 'खबरदारी र निगरानी'का रूपमा रहे पनि पछिल्ला दिनमा यसले आक्रामक रूप ग्रहण गरेको पाइन्छ।

नेपालमा यो आन्दोलन व्यापक राजनीतिक सुधार र परिवर्तनसम्म आइपुगेको छ। जेन-जी यसको अगुवाइ गरिरहेछन्। लोकतन्त्र र संविधानप्रति उनीहरूको प्रतिबद्धता, भूमिका र आलोचनात्मक विवेक प्रशंसनीय छ। उनीहरूको सङ्घर्ष र सपनालाई लोकतन्त्र र संविधानलाई अझ प्रगतिशील बनाएर मात्र सम्बोधन गर्न सकिन्छ। आजका कमजोरी र समस्या नैतिक मूल्यको क्षय, लोकतान्त्रिक मूल्यको ह्रास र शासकीय कार्यशैली एवं कमजोरीसँग मात्र सम्बन्धित छैनन्, संरचनासँग पनि सम्बन्धित छन्, संविधानको अपूर्णतासँग पनि जोडिएका छन्। यस आन्दोलनको सबैभन्दा दुःखद र भयावह पक्ष जिउधनको अकल्पनीय क्षति हो। भनिन्छ, आन्दोलन, विद्रोह वा क्रान्ति हिसाब-किताबले चल्दैनन्। माओ सेतुङ क्रान्ति भोजभतेर होइन भन्थे। साँचो हो, आन्दोलन, विद्रोह वा क्रान्ति हिसाब-किताबले चल्दैनन्। ती भोजभतेर पनि होइनन्, तर ध्वंसले मन दुख्छ। यस्तो नभइदिएको भए कति राम्रो हुन्थ्यो भन्ने लाग्छ। नियतवश आन्दोलनमा घुसेका गलत तत्त्वहरूले गर्ने विनाश अझ दुःखदायी हुन्छ। २४ गते त्यस्तै भयो। विध्वंस सधैँ बल्झिरहने घाउमा बदलियो। सबै विध्वंसलाई निर्माणका निम्ति गरिने विध्वंसका रूपमा अर्थ्याउन सकिन्न। मुलुकलाई पछिल्तिर फर्काउने, प्रतिशोध साँध्ने र बर्बाद गर्ने उद्देश्यले गरिने विध्वंस डरलाग्दा हुन्छन् र तिनले पछिसम्म चिमोट्छन्।

यसपटक राज्यका धेरै महत्त्वपूर्ण भवन जलेका छन्। मुलुकभरमा ध्वस्त भएका सरकारी भवनको सङ्ख्या सयौँ छ। व्यक्तिका निजी घर, पार्टी कार्यालय, व्यापारिक भवन पनि जलाएर खरानी बनाइएका छन्। सिंहदरबार, राष्ट्रपति भवन, संसद भवन, सर्वोच्च अदालत आदि राष्ट्रका अमूल्य सम्पत्ति खण्डहरमा बदलिएका छन्। यी भवन खण्डहर बन्दा मुलुकलाई अपूरणीय क्षति भएको छ। यी सरकारी भवन मात्र होइनन्, ऐतिहासिक र सांस्कृतिक सम्पत्ति पनि हुन्। यिनमा रहेका कागजपत्र मुलुकका अमूल्य सम्पत्ति हुन्। आजका कागजपत्र भोलिका इतिहास हुन्। अभिलेखहरू ध्वस्त हुनु भौतिक क्षति हुनु मात्र होइन, समाजको स्मृति, पहिचान र भविष्यमाथि गम्भीर चोट लाग्नु पनि हो। राज्यका महत्त्वपूर्ण भौतिक संरचनाको विनाशलाई आत्मिक विनाशका रूपमा पनि हेरिन्छ। यस्तो विनाशलाई अम्ब्रेटो ई को 'स्मृतिहरूलाई नष्ट गर्नु हो' भन्छन्। जर्मन कवि हेनरिक हाइने यस्ता सामग्री जलाइनु मानिसलाई जलाइनु हो भन्छन्। यस्तो ध्वंसले सभ्यताको स्मृतिलाई त ध्वंस गर्छ नै, मानव ज्ञानलाई पुनः उत्पादन गर्न नसकिने पनि बनाउँछ। इतिहासलाई पछिल्तिर धकेल्ने अभीष्ट पनि यसका पछि हुन्छ। प्रशासनिक निरन्तरता र इतिहास लेखनमा यसले गम्भीर कठिनाइ उत्पन्न गर्छ। नालन्दा विश्वविद्यालयका हजारौँ पाण्डुलिपि नष्ट गरिएको कुरालाई लिएर एडबर्ड जे थोमसले 'मानव ज्ञानको विनाश' त्यसै भनेका होइनन्। हाम्रा भौतिक संरचना नष्ट हुँदा जलेका कागजपत्र एक प्रकारले नालन्दा विश्वविद्यालयका सामग्रीजस्तै त हुन् नि !

नेपालमा ठुल्ठुला आन्दोलन र विद्रोह भएका छन्। २००७ सालको राणाविरोधी सङ्घर्ष, २०३५-३६ सालको विद्यार्थी आन्दोलन, ०४६ सालको जनआन्दोलन, ०६२-६३ को जनसङ्घर्ष, झापा विद्रोह, माओवादी जनयुद्ध आदि यसका उदाहरण हुन्। यी सबैमा कयौँ भौतिक संरचना ध्वस्त भए। यससँगै कागजपत्र, पुस्तक, पुराना सामग्री पनि नष्ट भए। यिनको अभाव अहिले पनि खड्कन्छ। यसपटक पनि धेरै सामग्री नष्ट भएका छन्। सर्वोच्च अदालतका कागजपत्र जलेर खरानी बनेका छन्। यही स्थिति सिंहदरबारको छ। यो ऐतिहासिक धरोहर निर्माण चन्द्रशमशेरले निजी निवासका रूपमा गरेका थिए। यो भवन त्यतिबेला एसियाकै ठुलो र सुन्दर भवनमध्ये एक मानिन्थ्यो।

२०३० सालमा यसमा आगलागी भयो र धेरै महत्त्वपूर्ण सामग्री जलेर नष्ट भए। त्यतिबेला कीर्तिनिधि विष्ट प्रधानमन्त्री थिए। ती सामग्रीको गम्भीर अभाव आज पनि खट्कन्छ। यसपटक पनि यसमा रहेका सामग्री नष्ट भएका छन्। दर्जनौँ गाउँपालिका र नगरपालिका, जिल्ला प्रशासन, कर कार्यालय, अदालत एवं महत्त्वपूर्ण सरकारी भवन खरानी बनाइएका छन्। यससँग इतिहास पनि नष्ट भएको छ; प्रमाणहरू नष्ट भएका छन्; अभिलेखहरू ध्वस्त भएका छन्। तेस्रो शताब्दीमा ध्वस्त पारिएको इजिप्टको 'अलेक्जान्ड्रिया पुस्तकालय'लाई लिएर भोल्टेयर पटक-पटक यसलाई 'मानव ज्ञानलाई दिइएको सबैभन्दा ठुलो चोट' भन्थे। सन् २०११ को अरब स्प्रिङ्गमा 'इन्स्टिच्युट डी इजिप्ट' जलाइँदा भएको क्षति अहिले पनि इजिप्टले बिर्सन सकेको छैन। सन् २०२४ मा बङ्गलादेशमा भएको आन्दोलनका कारण 'बङ्गबन्धु स्मृति सङ्ग्रहालय' लगायत सांस्कृतिक संस्था, पुस्तकालय जलाइए। त्यसको अभाव त्यहाँ खट्कन थालेको छ। त्यसैले आन्दोलन प्रारम्भ गर्दा क्षति कसरी कम गर्न सकिन्छ भन्ने विषयप्रति गम्भीर ध्यान दिइन्छ। इतिहास, सभ्यता, संस्कृतिको सकेसम्म विनाश नहोस् भनेर सोचिन्छ।

यहाँ जेन-जीले होइन, अरुले नै ध्वंसको डिजाइन गरे र त्यसलाई आकार दिए। यसभित्र मुलुकलाई खरानी बनाएर अतीततिर फर्काउने सोच थिए। भौतिक विनाशको कुरा गर्‍यो भने मात्र पनि तस्बिर कहालीलाग्दो छ। यसबाट माथि उठ्न वर्षौं लाग्नेछ। जेहोस्, जलेर खरानी बनेका भौतिक धरोहरका छेउमा उभिएर म देशबारे सोचिरहेछु, आउँदा दिनहरूबारे गमिरहेछु र दुखिरहेछु। सबैभन्दा बढी म कहिल्यै पाठ नसिक्ने, सिक्न नचाहने, मुलुकका अहङ्कारी र राजनीतिक एवं नैतिक मूल्यका दृष्टिले कमजोर नेतृत्वका कारण दुखिरहेको छु। यो स्थिति उनीहरूकै कमजोरीको परिणति हो भन्न मलाई कुनै सङ्कोच र भय छैन।

# ‘तनाव र अनिश्चियले दीर्घकालीन मानसिक असर पर्न सक्छ’



राजनीतिक दलका नेताहरूले जनताको अपेक्षा र भावनाको सम्बोधन गर्न नसक्दा बढ्दै गरेको जनअसन्तुष्टि अहिले ‘जेनजी’ पुस्ताको आन्दोलनका रूपमा विस्फोट भएको छ । यस आन्दोलनका क्रममा भएको मानवीय र भौतिक क्षतिले राजनीतिक अनिश्चिततासँगै सामाजिक तथा मानसिक जटिलतासमेत थपेको छ । यस्ता घटनाक्रमले समाजमा निराशा, अनिश्चितता र असहायताजस्ता भावनात्मक समस्या गहिरिँदै जानसक्ने देखिन्छ । राजनीतिक अस्थिरता र सामाजिक तनावबीच नागरिकको मानसिक स्वास्थ्यमासमेत नकारात्मक असर पर्न सक्ने चिन्ता विज्ञहरूले व्यक्त गर्न थालेका छन् । प्रस्तुत छ, पछिल्लो राजनीतिक परिवर्तनहरूले नेपाली समाजमा मानसिक स्वास्थ्यमा पर्ने प्रभावबारे राससका नवीन पौडेलले मनोरोग विशेषज्ञ डा अज्वनी रिमालसँग गरेको कुराकानीको सम्पादिन अंश :

*नेपालमा अहिले जेनजीले गरेको प्रदर्शनलाई स्वास्थ्यकर्मीको दृष्टिकोणले तपाईंले कसरी हेर्नु भएको छ ?*

एक मानसिक स्वास्थ्यकर्मीका दृष्टिले हेर्दा अहिलेको आन्दोलनले जनमानसको मानसिक स्वास्थ्यमा गहिरो असर पार्ने देखिन्छ । अहिलेको वातावरणले जनमानसमा ठूलो मानसिक अन्योलता ल्याएको छ । ‘अब के होला ?’ भन्ने डर र असुरक्षाको भावनाले स्वस्थ मानसिक अवस्था भएका व्यक्तिहरूसमेत त्रसित, चिन्तित र बेचैन भइरहेका छन् । पहिले नै मानसिक स्वास्थ्य समस्या भोगिरहेकामा त झन बढी प्रभावित हुने सम्भावना हुन्छ । उनीहरुमा निद्रामा समस्या, नकारात्मक सोच, आत्मविश्वास घट्नु, समाजसँग टाढिनु तथा दैनिक क्रियाकलापमासमेत कठिनाई आउने जस्ता लक्षण देखिन सक्छ । यस्तो अवस्थामा सामूहिक ट्रमा उत्पन्न गर्ने खतरा पनि रहन्छ । आन्दोलनमा प्रत्यक्ष संलग्न भएका युवा, त्यसलाई नजिकबाट नियाल्ने वा परिवारका सदस्य गुमाउनेहरूले दीर्घकालीन मनो-सामाजिक समस्या भोग्नसक्ने सम्भावना हुन्छ । सकारात्मक पक्षमा हेर्दा युवा पुस्ताले आफ्नो आवाज उठाउन पाएको अनुभवले सशक्तीकरण, सामूहिक एकता र उद्देश्य बोधमा परिवर्तन ल्याएको महसुस गर्न सक्छन् । यसले केही युवामा आत्मबल र आत्मविश्वास बढाउन पनि मद्दत गरेको देखिन्छ ।

*राजनीतिक आन्दोलन र अस्थिरताले सामान्य नागरिकको मानसिक स्वास्थ्यमा के-कस्ता समस्या ल्याउँछ ?*

यस्तो आन्दोलन र अस्थिरताले नागरिकको मानसिक स्वास्थ्यमा तत्कालिकदेखि दीर्घकालीन असर पारेको हुन्छ । आन्दोलन, प्रदर्शन र हिंसात्मक घटनाको प्रत्यक्ष वा परोक्ष अनुभवले मानिसमा डर लाग्ने, असुरक्षा महसुस हुने, मन स्थिर नहुने, छटपटी र हतारहतार हुनेजस्ता प्रतिक्रियाहरू देखिन सक्छन् । व्यक्तिहरू के गरूँ, के नगरुँ भन्ने मानसिक द्वन्द्वमा फस्ने, अनावश्यक चिन्ता लिने, मनमा निरन्तर कुराहरू खेलिरहने, निद्रा नलाग्ने तथा बेचैनी र आत्तिनेजस्ता लक्षणहरू देखिने हुन्छ । दीर्घकालमा यसले व्यक्तिको स्वास्थ्यमा गम्भीर असर पुऱ्याउछ । छोटो अवधिका लक्षणहरू लामो समयसम्म रहिरहेमा डिप्रेशनजस्ता मानसिक समस्या विकसित हुनसक्ने जोखिम उच्च हुन्छ । अझ आन्दोलनमा प्रत्यक्ष संलग्न हुने र हिंसात्मक दृश्यहरूको आँखै अगाडि देख्नेमा पोस्ट-ट्राउमाटिक स्ट्रेस डिसअर्डरजस्ता समस्या देखापर्न सक्छन् । विशेषगरी युवा र किशोरकिशोरीजस्ता संवेदनशील उमेर समूहमा दीर्घकालीन तनावले शैक्षिक प्रगति, दैनिक व्यवहार, सामाजिक सम्बन्ध र शारीरिक स्वास्थ्यमा समेत नकारात्मक असर पार्ने हुन्छ ।

*यस्तो अवस्थाले आममानिस र युवापुस्तामा देखिने सामान्य मानसिक लक्षणहरू के-के हुन सक्छन् ?*

राजनीतिक प्रदर्शनीका समयमा मानिसहरूमा डर, बेचैनी, चिन्ता, आत्तिने भावना, निद्रामा समस्या देखिन सक्छ । छोटो समयभन्दा पनि यदि यस्तो समस्या लामो समय रहिरह्यो भने दीर्घकालीन चिन्ता, डिप्रेशनजस्ता गम्भीर मानसिक रोग विकसित हुने जोखिम हुन्छ । युवा पुस्तामा राजनीतिक अस्थिरता वा आन्दोलनजस्ता परिस्थितिले तनाव, निराशा र आक्रोश बढाउने सम्भावना उच्च हुन्छ । यस उमेर समूहमा सामान्यतया बिना धेरै सोचविचार र परिणामको मूल्याङ्कन नगरी हठात् निर्णय लिने व्यवहार देखिन्छ । त्यस्तै अस्थिरता र संवेदनशीलता बढी हुन्छ, जसले युवामा तनावको प्रभाव अझ तीव्र बनाउँछ ।

*सामाजिक सञ्जालको प्रभाव के कस्तो हुन्छ यो समयमा ?*

सामाजिक सञ्जाल र अपुष्ट खबरको प्रभावले मानिसको मानसिक स्वास्थ्यमा गहिरो र दीर्घकालीन असर पार्न सक्छ । आधिकारिक समाचारमा अपडेट नहुनु र सामाजिक सञ्जालको सूचना-प्रवाहमा पूर्ण ध्यान केन्द्रित गर्नाले कार्यमा एकाग्रता घटाउने र सोच्ने क्षमतामासमेत प्रभाव पार्ने देखिन्छ । अनलाइन प्लेटफर्ममा लामो समय बिताउँदा वास्तविक जीवनका सामाजिक अन्तरक्रिया र सम्बन्धमा कमी आउने, परिवार तथा साथीभाइसँगको प्रत्यक्ष संवाद घट्ने र एकाङ्कीपन अनुभव बढ्ने गरेको पाइन्छ । यससँगै अपुष्ट समाचार र सामाजिक सञ्जालमा देखाइने नकारात्मक तथा तनावपूर्ण र भय पैदा गर्ने सामग्रीहरूले मानिसमा चिन्ता, डर, असुरक्षा र निराशा बढाउने गरेका छन् । विभिन्न अध्ययनलेसमेत छोटो समय सञ्जालमा बिताउँदा पनि चिन्ता र तनावका लक्षण उल्लेख्य रूपमा बढेको देखाएको छ । यसले डिप्रेशन, चिन्ता, एकाङ्कीपन र आत्महत्या गर्ने विचारजस्ता मानसिक स्वास्थ्यमा गम्भिर समस्या उत्पन्न गर्न सक्छ । अझ यसस्तो सङ्क्रमणकालको समयमा सामाजिक सञ्जाल प्लेटफर्ममा आउने गलत सूचनाले मानसिक स्वास्थ्यमा दीर्घकालीन नकारात्मक प्रभाव पार्ने देखिन्छ । यस्तो राजनितिक अनिश्चितताले डिप्रेसन र एनजाइटीजस्ता मानसिक रोगको समस्या पढ्ने खतरा हुन्छ ।

*राजनीतिक अनिश्चितताले युवा पिँढीमा कस्तो समस्या निम्त्याउँछ र यसका लक्षण कस्ता हुन्छन् ?*

राजनीतिक अस्थिरता, सामाजिक तनाव र भविष्यप्रति अनिश्चितले युवाको मानसिक स्वास्थ्यमा गहिरो असर पार्छ । यसले उनीहरूलाई गलत बाटोतर्फ धकेल्ने जोखिमसमेत बढाउँछ । राजनीतिक अनिश्चियमा युवा पिँढीमा तत्कालका लागि एन्जाइटी, डर र चिन्ताको स्तर बढ्छ । अनिश्चिय र भविष्यप्रतिको निराशाले नकारात्मक भावना बढ्ने हुँदा दीर्घकालमा डिप्रेसन र क्रोनिक एन्जाइटिसमेतको जोखिम बढाउँछ । राजनीतिक हिंसा र अस्थिरतासँग जडित वातावरणमा तनाव, चिन्ता र डिप्रेशनको समस्या उल्लेखनीय रूपमा बढ्ने अध्ययनहरूले पनि देखाएका छन् ।

लामो समयसम्म तनाव, चिन्ता र निराशाको अवस्थासँग जुधिरहेका युवाहरू त्यसको समाधानको खोजीमा गलत मार्ग रोज्ने सम्भावना बढी हुन्छ । जसमा लागुऔषध दुर्व्यसन एक प्रमुख जोखिम हो । मानसिक पीडाबाट राहत पाउन वा साथीहरूको दबाबमा उनीहरू लागुपदार्थ प्रयोगतर्फ आकर्षित हुन सक्छन् । यस्तो प्रवृत्तिले उनीहरूको मानसिक र शारीरिक स्वास्थ्यमा थप जटिलता थप्छ । यसले पढाइ, सामाजिक सम्बन्ध र भविष्यको सम्भावनालाई पनि गम्भीर रूपमा प्रभावित पार्छ । त्यसैले यस्ता अवस्थामा युवालाई मनोसामाजिक परामर्श, भावनात्मक सहयोग र सकारात्मक गतिविधिमा संलग्न गराउन अत्यन्त जरुरी हुन्छ ।

*आमनागरिकले आफ्नो मानसिक स्वास्थ्य स्वस्थ्य राख्न दैनिक जीवनमा के-के गर्न सक्छन् ?*

मानसिक स्वास्थ्य जोगाउन सबैभन्दा पहिला आफ्नो दैनिकीमा सुधार ल्याउनुपर्छ । मुख्य कुरा आफ्नो परिवारसँग समय बिताउनु हो । परिवारमा आफ्ना कुरा राख्ने र सामाजिक सम्बन्ध मजबुत राख्नु अत्यन्त जरुरी हुन्छ । आफूभित्रको पीडा, डर वा चिन्ताबारे आफ्नो विश्वासिला व्यक्तिसँग खुलेर राख्दा मानसिक बोझ धेरै हदसम्म कम हुन्छ । त्यस्तै समाचार र सामाजिक सञ्जालप्रति पनि सचेत रहनुपर्छ । आजकल हामी निरन्तर नकारात्मक समाचार र अनावश्यक सूचनामा डुबिरहेका हुन्छौँ । त्यसले मानसिक शान्तिमा असर पार्छ । त्यसैले विश्वासिलो स्रोतबाट समाचार र सूचना थाहा पाउनेमा ढुक्क हुनुपर्छ । बारम्बार नभई आवश्यकतानुसार मात्र हेर्ने र सामाजिक सञ्जालको अनावश्यक प्रयोगबाट जोगिने बानी बसाल्नुपर्छ । नियमित व्यायाम, योग, गहिरो श्वास फेर्ने अभ्यास, पर्याप्त निद्रा र सन्तुलित आहारमा ध्यान दिनु मानसिक सन्तुलनका लागि आधारभूत कुरा हुन् । सबैभन्दा महत्वपूर्ण भनेको आफ्नो मानसिक अवस्थाप्रति सजग रहनु र आवश्यकता पर्दा मानसिक स्वास्थ्य विज्ञसँग परामर्श लिन नहिच्किचाउनु नै हो ।

*यस्तो अवस्थामा अभिभावकको भूमिका कस्तो रहन्छ ?*

स्वस्थ जीवनशैलीको निर्माणमा परिवारको भुमिका संवेदनशील हुन्छ । अभिभावकहरू यस्तो परिस्थितिमा संवेदनशील र सहयोगी बन्नुपर्छ । बुबाआमाले आफ्ना नानीबाबुसँग साथीसरह व्यवहार गर्दै उनीहरूको कुरा ध्यानपूर्वक सुन्नु र बुझ्ने प्रयास गर्नुपर्छ । बच्चाहरूले राख्ने जिज्ञासालाई सहज ढङ्गले सम्बोधन गर्नु, उनीहरूलाई सही-गलत छुट्याउन सहयोग गर्नु र कुनै शङ्का वा समस्याबारे खुलेर कुरा गर्न प्रोत्साहित गर्नु अभिभावकको दायित्व हुन्छ । घरभित्र सकारात्मक र सुरक्षित वातावरण सिर्जना गर्नु, बच्चाको भावनालाई पर्याप्त स्थान दिनु, सामाजिक सम्बन्ध र सकारात्मक गतिविधिमा संलग्न गराउन सहयोग गर्नुपर्छ । सहयोगी, खुला र विश्वासिलो वातावरण निर्माण गर्नसकेमा बालबालिकाले तनावमासमेत सहज रूपमा पार गर्न सक्छन् र उनीहरूको आत्मबल तथा मानसिक सशक्तता मजबुत बन्छ ।

*अहिलेको परिस्थितिमा देखिन सक्ने मानसिक स्वास्थ्य समस्या समाधान गर्न के-कस्ता प्रयासहरू आवश्यक देख्नुहुन्छ ?*

समाजमा देखिने मानसिक स्वास्थ्यसम्बन्धी चुनौतीहरू केबल व्यक्तिगतमा मात्रै सीमित हुँदैनन् । यसलाई सामाजिक र नीतिगत तहमै सम्बोधन गर्नुपर्ने हुन्छ । घर र छरछिमेकका साथै, विद्यालयदेखि कार्यस्थलसम्म मानसिक स्वास्थ्य शिक्षा र परामर्श सेवाको व्यवस्था गरिनुपर्छ । समुदायस्तरमा मनोसामाजिक सहयोग प्रणाली विस्तार गर्नु र युवाका लागि सुरक्षित अभिव्यक्ति र सहभागिताको वातावरण बनाउन सहयोग गर्नुपर्छ ।

त्यस्तै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा जिम्मेवार र तथ्यपरक सामग्री प्रवाहको सुनिश्चित हुनुपर्छ । मानसिक स्वास्थ्यलाई प्राथमिक स्वास्थ्य सेवा जतिकै महत्व दिँदै दीर्घकालीन रणनीति बनाइएन भने यस्ता राजनीतिक सङ्कटपछिका मानसिक असरहरू अझ गहिरिँदै जान सक्छन् ।

*साभार: रासस*

# रेशमलाल चौधरी नागरिक उन्मुक्ति पार्टीबाट अलग



दैनिक समाचारदाता
धनगढी, २९ भदौ । नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशमलाल चौधरीले सो पार्टीबाट आफू अलग भएको घोषणा गर्नुभएको छ । व्यक्तिगत अहङ्कार र स्वेच्छालाई जित्न नसकेको भन्दै उहाँले नागरिक उन्मुक्ति पार्टीबाट आज अलग भएको घोषणा सामाजिक सञ्जालमार्फत गर्नुभएको हो।
"मैले नागरिक उन्मुक्ति पार्टीको गीत, विधान लेखेँ । मैले नै नागरिक उन्मुक्ति पार्टीको विचार स्थापना गरेको हो", चौधरीले भन्नुभयो, "तर व्यक्तिगत अहङ्कार र स्वेच्छालाई जित्न सकेन ।"
पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठ र नेता दामोदर पण्डितसँग आफ्नो कुनै पनि दुश्मनी नरहेको जिकिर गर्दै उहाँले पार्टीमा रहेका फटाहाहरूको कारण व्यक्तिगत रूपमा अल्मलिनुभन्दा बाटो बद्लेको बताउनुभयो।
नागरिक उन्मुक्ति पार्टीभित्र पछिल्ला दिनमा भएको आन्तरिक विवादलाई आफूले सम्झन पनि नचाहेको उहाँले उल्लेख गर्नुभयो । चौधरीले भन्नुभयो, "बरु म जेलमा हुँदा दुई घण्टा भए पनि निदाए तर, बाहिर सकेन । कयौं रात अनिदो बितेका छन् ।"
आफू राजनीतिक व्यक्ति रहेका कारण पार्टी बिना बस्न नसुहाउने भन्दै उहाँले आजको दिनबाट नयाँ दल र सङ्गठन निर्माणमा जुट्ने बताउनुभयो । चौधरीले नागरिक उन्मुक्ति पार्टी नेपाल बनाउने र त्यसको चुनाव चिन्ह पहिचानकै रहने उल्लेख गर्नु भएको छ । आफूलाई राजनीति गर्ने अधिकार रहेको भन्दै उहाँले आफ्नो आन्दोलन र भावनालाई बुझ्नेहरू आफूसँगै रहने बताउनुभयो । उहाँले भन्नुभयो,"मलाई ठग होइन, मेरो पार्टी र पहिचानको आन्दोलन बुझ्ने कार्यकर्ता चाहिएको छ ।"
टीकापुर घटनामा दोषी ठहर भई रेशम जेलमा रहेको बेला २०७८ मा नागरिक उन्मुक्ति पार्टी गठन भएको थियो । स्थापनाको छोटो समयमै प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा नागरिक उन्मुक्ति पार्टीले अपत्यनीय जित हात पारेको थियो ।

# युवा पुस्ताको सोच बमोजिम काम गर्नेछु : प्रधानमन्त्री कार्की



दैनिक समाचारदाता
काठमाडौं २९ भदौ । नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले युवा पुस्ताको सोच अनुसार आफूले काम गर्ने बताएकी छन् । जेनजी आन्दोलनका क्रममा युवा पुस्ताहरूले २७ घण्टाको आन्दोलनबाट विश्वमा नै नभएको कायापलट नेपालमा गरेको उल्लेख गर्दै उनले उनीहरूको सोचअनुसार आफूले काम गर्ने प्रतिबद्धता व्यक्त गरेकी हुन् ।

प्रधानमन्त्रीको पदभार ग्रहण गर्दै प्रधानमन्त्री कार्कीले भ्रष्टाचारको अन्त्य, सुशासन र आर्थिक समानताका कुराहरू नै जेन–जी आन्दोलनको मुख्य माग रहेकाले त्यो पूरा गर्ने अठोटका साथ अघि बढ्नुपर्ने अवस्था रहेको पनि स्पष्ट पारिन् ।

उनले आन्दोलनका क्रममा भएका क्षतिहरूको मूल्याङ्कन गर्दै सरकार अघि बढ्ने कार्ययोजना तय गरिएको पनि बताइन् ।

प्रधानमन्त्री कार्कीले भनिन्, 'आगामी दिनहरूमा युवा पुस्ताको सोच बमोजिम काम गर्नुपर्ने भएको छ । मलाई एकदम विचित्र लागेको छ-यो मुलुकमा यो जुन मुभमेन्ट आयो, यो वर्ल्डमा कहीँ पनि भएको छैन । २७ घण्टाको आन्दोलनमा कायापलट गरेको मलाई थाहा छैन । त्यसैले यो समूहले मागेको कुरा के हो भने भ्रष्टाचारको अन्त्य, सुशासन र आर्थिक समानताका कुराका मागहरू गरेको हुनाले त्यो पूरा गर्नलाई हामीले अठोट गर्नुपर्ने अवस्था छ । र, यी क्षतिहरूको पनि मूल्याङ्कन गरेर आगामी कार्ययोजनाहरु तय गरिएको छ ।'

प्रधानमन्त्री कार्कीले आफूले सो आन्दोलनको क्रममा ज्यान गुमाएका परिवारहरूसँग पनि भेटेको उल्लेख गर्दै उनीहरूको पीडालाई सम्बोधन गर्ने पनि बताइन् ।

# जनमत पार्टीले मुख्यमन्त्रीसहित मन्त्री फिर्ता बोलायो

दैनिक समाचारदाता
जनकपुरधाम, २९ भदौ । मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीले शनिबार मुख्यमन्त्रीसहित सरकारमा सहभागी आफ्ना मन्त्री फिर्ता बोलाएको छ ।
संसदीय दलका नेता महेशप्रसाद यादवले जारी गर्नुभएको विज्ञप्तिमा मुख्यमन्त्री र मन्त्री फिर्तासम्बन्धी पत्र प्रदेश प्रमुखको कार्यालयमा पठाइएको उल्लेख छ । विज्ञप्तिमा जनमतले मधेश सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएको स्पष्ट गरिएको छ ।
गत सोमबार संघीय राजधानी काठमाडौंमा भएको जेनजी प्रदर्शनपछि मुख्यमन्त्री सतिशकुमार सिंहले मंगलबार सामाजिक सञ्जाल फेसबुकमार्फत राजीनामा घोषणा गर्नुभएको थियो । तर, उहाँले फेसबुकमार्फत राजीनामा दिएको चार दिनु हुँदा पनि प्रदेश प्रमुखको कार्यालयमा भने लिखित राजीनामा पेश पेश गर्नुभएको थिएन ।
शनिबार गोरखापत्र दैनिकमा मुख्यमन्त्रीको राजीनामा शीर्षकको प्रकाशित समाचारपछि मुख्यमन्त्री सिंहको आलोचना चारैतिर भएपछि सो विज्ञप्ति जारी भएको थियो ।
जनमत पार्टीबाट मधेश सरकारमा मुख्यमन्त्री सिंहसहित सहभागी सञ्जय यादवले वन तथा वातावरण मन्त्रालय र बसन्त कुशवाहाले उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको जिम्मेवारी सम्हालिरहेका थिए ।

# लाइसेन्स छपाइ र वितरण अनिश्चितकालका लागि बन्द

दैनिक समाचारदाता
काठमाडौं, २९ भदौ । सवारी चालक अनुमतिपत्र (लाइसेन्स) छपाइ र वितरणको काम अनिश्चितकालका लागि रोकिएको छ ।



यातायात व्यवस्था विभागले आइतबार एक सूचना जारी गर्दै अर्को सूचना जारी नभएसम्मका लागि सवारी चालक अनुमतिपत्र छपाए तथा वितरण लगायतको सूचना प्रविधिसम्बन्धी सबै प्रणाली बन्द हुने जानकारी गराएको छ ।

यातायात व्यवस्था विभागको संरचनामा तोडफोड, आगजानी तथा चोरी/लुटपाटबाट इलेक्ट्रोनिकउपकरण, छपाइ मेशिन तथा सर्भरमा क्षति पुग्न गएकाले सेवा अवरुद्ध हुन पुगेको विभागले बताएको छ ।

'सवारी चालक अनुमतिपत्र तथा विद्युतीय सवारी साधन दर्ता (भ्मिख्च्क) सम्बन्धी सेवा अवरुद्ध हुन पुगेको विषम परिस्थितिमा अर्को सूचना नभएसम्मको लागि सवारी चालक अनुमतिपत्र छपाइ तथा वितरण लगायतका सुचना प्रविधिसम्बन्धी सम्पूर्ण प्रणाली बन्द रहने बेहोरा जानकारीका लागि अनुरोध छ,' विभागको सूचनामा भनिएको छ ।

# मुलुकभरिबाट तीन हजार ७२३ कैदीबन्दी पक्राउ



दैनिक समाचारदाता
काठमाडौं, २९ भदौ । यही भदौ २३ र २४ गते जेनजी प्रदर्शनपछि सिर्जित परिस्थितिका कारण देशभरका विभिन्न कारागारबाट भागेकामध्ये तीन हजार ७२३ कैदीबन्दी पक्राउ परेका छन् ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले आज मध्याह्नसम्ममा तीन हजार ७२३ कैदीबन्दी पक्राउ गरी कारागामा ल्याइएको जनाउँदै अझै १० हजार ३२० कैदीबन्दी फरार रहेकाले आवश्यक सर्तकता अपनाउन सर्वसाधारणमा आग्रह गर्नुभयो ।

उहाँका अनुसार कतिपयलाई भारत भाग्न खोजिरहेको अवस्थामा भारतीय प्रहरीले समातेर फिर्ता गरेका छन् भने कतिपय सेना, प्रहरी र सशस्त्र प्रहरीले पक्राउ गरेका हुन् । कतिपय आफैं फिर्ता भएर कारागार आएका बताउँदै प्रवक्ता घिमिरेले कैदीबन्दीको खोजी अभियान जारी रहेको उल्लेख गर्नुभयो । कैदीबन्दीका बारेमा केही सूचना प्राप्त भएमा नजिकको प्रहरी कार्यालय तथा सुरक्षा निकायमा जानकारी दिन पनि उहाँले सबैमा अनुरोध गर्नुभयो ।

***१३९ थुनुवा फर्किए, दुई हजार १०० फरार***

सोही प्रदर्शनका कारण मुलुकभरका प्रहरी कार्यालयका हिरासतबाट फरार भएकामध्ये १३९ जना थुनुवालाई पक्राउ गरिएको प्रवक्ता घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार अझै दुई हजार १०० थुनुवा फरार छन् ।

फरार भएकाहरूको खोजी जारी रहेको प्रहरीले जनाएको छ । तोडफोड, आगजनी र प्रदर्शनका कारण कैदीबन्दीहरू यही भदौ २४ गते भागेका थिए ।

## प्रधानमन्त्रीद्वारा....

मलाई सहयोग गर्नुहोस् ।"
मुख्यसचिव एकनारायण अर्यालले क्षति भएका सरकारी संरचनाको पुनःस्थापना गरी सेवा प्रवाहलाई निरन्तरता दिनुपर्ने चुनौती रहेको बताउनुभयो । उहाँले सबै जिल्लाका सरकारी कार्यालय र सुरक्षा निकायका भवनमा क्षति भएको जानकारी दिँदै पुनःसंरचनाका लागि बजेटको व्यवस्था गरी प्राथमिकताका आधारमा पुनःनिर्माण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।
जेनजी समूहको यही भदौ २३ र २४ गतेको आन्दोलनपछिको उत्पन्न स्थितिपछि यही भदौ २७ गते अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्त हुनुभएका कार्कीले आज गृह मन्त्रालयका लागि निर्माण गरिएको भवनमा पदबहाली गर्नुभएको हो ।

## चुनावको..........

उनले भने ।मतदाता अद्यावधि सम्बन्धमा पनि कार्यतालिका बनाएर जानुपर्ने भएकाले अहिले कुनै निष्कर्षमा नपुगेको भण्डारीले बताए ।भ्रष्टाचार र बेथितिविरुद्ध भदौ २३ गते जेनजीले गरेको विरोध प्रदर्शनमा सरकारले दमन गर्दा ५१ जनाको ज्यान गएको थियो । निजी र सार्वजनिक सम्पत्तिमा आगजनी हुँदा अर्बौं सम्पत्ति ध्वस्त भएको थियो । मुलुक सुरक्षा नियन्त्रण बाहिर जाने स्थिति भएपछि नेपाली सेनाको मध्यस्थतामा राष्ट्रपति र जेनजी प्रतिनिधिबिच सहमति भएर कार्की नेतृत्वको अन्तरिम सरकार बनेको थियो ।



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४